# जिल्ला प्रशासन कार्यालय, उदयपुरबाट प्रकाशित
# अर्धवार्षिक ई-बुलेटिन
## (२०७७ माघ १ देखि २०७८ आषाढ सम्म)



नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय, उदयपुर

## १. पृष्ठभूमीः

### जिल्ला प्रशासन कार्यालयः स्वरुप/प्रकृति, काम, कर्तव्य र अधिकार

जिल्लामा शान्ति सुरक्षा र सुव्यवस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु जिल्ला प्रशासन कार्यालयको मुख्य कार्य हो । स्थानीय प्रशासन ऐन, २०२८ ले जिल्लाको शान्ति र व्यवस्थालाई प्रभावकारी रुपमा संचालन गर्न तथा जिल्लाको सामान्य प्रशासन संचालन गर्न प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने साथै जिल्ला प्रशासन कार्यालयको प्रमुख प्रशासकीय अधिकारीको रुपमा प्रमुख जिल्ला अधिकारी रहने व्यवस्था गरेको छ । जिल्लामा विकास निर्माण कार्यहरुको लागि उपयुक्त वातावरण निर्माण गर्न समन्वय र सहजीकरण, विपद् व्यवस्थापन, अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति व्यवस्थापन, सेवा प्रवाहको अनुगमन, प्रचलित कानूनमा तोकिएका विषयहरुमा अर्धन्यायिक निकायको रुपमा रही न्याय निरुपण, आर्थिक अनियमितता एवं भ्रष्टाचार नियन्त्रण जस्ता कार्यहरु सम्पादन गरी जिल्लामा सुशासनको प्रत्याभूतिका लागि जिल्ला प्रशासन कार्यालयको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

जिल्ला प्रशासन कार्यालय उदयपुरबाट जिल्लामा शान्ति सुरक्षा तथा अपराधिक गतिविध नियन्त्रण, विपद व्यवस्थापन, प्रभावकारी सेवा प्रवाह, विकासात्मक गतिविधिहरुमा समन्वय तथा सुशासन लगायतका विषयमा कार्य गर्ने गरी जिल्ला प्रशासन सुधार वार्षिक कार्ययोजना, २०७७ तथा जिल्ला स्थित सबै सरकारी एवम् सार्वजनिक निकायहरुबाट चालु आ.व.मा गरिने मुख्य-मुख्य सुधारका कार्यहरु सहित सुशासन कार्ययोजना, २०७७ जारी गरी समग्र जिल्लाको सार्वजनिक सेवा प्रवाहलाइ व्यावसायिक तथा जनमैत्री रुपमा प्रवाह गरिदै आएको छ ।

## २. उदयपुर जिल्लाको सामान्य परिचयः

पूर्वतिर साँघुरिएको र पश्चिमतर्फ फुक्दै गएको यस जिल्लाको क्षेत्रफल २०६३ वर्ग कि.मी. रहेको छ । भू-बनोटको आधारमा पहाड, बेसी, टार र तराई समेतको भू-भाग ओगट्ने यो जिल्ला क्षेत्रफलको हिसाबले नेपालको २० औं र प्रदेश नं. १ अन्तरगत पर्दछ । जिल्लाको सिमानामा उत्तरमा मुख्यतः भोजपुर, खोटाङ्ग र ओखलढुङ्गाको केही भाग पश्चिममा मुख्यत सिन्धुली र धनुषाको केही भाग दक्षिणमा सिराहा र ससरी जिल्ला एवं पूर्वमा मुख्यतः सुनसरी र धनकुटा जिल्लाको केही भाग रहेको छ । यसरी उदयपुरको सिमानामा ९ जिल्लाहरू पर्दछन् । जुन नेपालको धेरै जिल्लासँग सिमाना जोडिएको जिल्लाको दोस्रो स्थानमा पर्दछ । विषम भौगोलिक बनोट रहेको यस जिल्लामा महाभारत पर्वत श्रृङ्खला अन्तर्गत धारिला विकट डाँडाहरू छरिएका र पातलिएका बस्तीहरू छन् भने महाभारत फेदिदेखि चुरे श्रृङ्खला बीचमा समथर फाँटहरू र दक्षिणी सिमाना चुरे क्षेत्रमा घना जङ्गल रहेको छ । त्रियुगा नदीको किनारमा चुरे र महाभारतको बीचमा रहेका भित्री मधेशका फाँटहरू मध्ये त्रियुगा नगरपालिका त्रियुगा उपत्यकाको नामले पनि चिनिन्छ । यही नगरपालिकामा अवस्थित गाईघाट (बोक्से) मा सदरमुकाम रहेको यो जिल्ला समुद्र सतहबाट ३६० मिटरदेखि २३१० मिटर उचाई सम्म रहेको छ ।

### जिल्लाको जनसांखिक र भौगोलिक अवस्थाको संक्षिप्त विवरण

- प्रदेश :- १ नम्बर प्रदेश
- जिल्ला :- उदयपुर
- सिमाः- पूर्व धनकुटा र सुनसरी -:पश्चिम -:सिन्धुली र धनुषा
  उत्तरः ओखलढुङ्गा, खोटाङ र भोजपुर दक्षिणः सिरहा र ससरी
- क्षेत्रफलः २०६३ वर्ग कि.मी.
- नगरपालिकाः ४

- गाउँपालिकाः ४
- मतदान स्थलः २३३     मतदान केन्द्रः ९८
- अक्षांशः २६° ३९’ ०” देखि २७° १’ १०” उत्तरी अक्षांश
- देशान्तरः ८६° ०’ ९” देखि ८७°१’ ०” पूर्वी देशान्तर
- भौगोलिक विभाजनः पहाड, फाँट, टार र भित्री मधेस

**जनसंख्या विवरण (२०६८ को जनगणनानुसार)**

- कुल जनसंख्याः ३,१७,५३२ (पुरुषः १,४९,७१२, महिलाः १,६७,८२०)
- कूल मतदाता संख्याः १,९३,९१३, (पुरुषः ९८,०२३, महिलाः ९५,८८९, तेस्रो लिङ्गीः १)
- भाषागत रुपमा, नेपालीः ५१.८५%, राईः १३.३२%, मगरः ११.६१%, थारुः ७.४२%, मैथिलीः ३.९६%
- धर्मको आधारमा, हिन्दूः ७२.५७%, बौद्धः१२.१२%, किराँतः९.८९%, इशाईः२.३९%, मुस्लिमः ०.६८%
- जातीय बनोटका आधारमा, पहाडी बाहुन क्षेत्रीः२८.८०%, जनजातिः५५.८०%, दलितः१०.७२%, मधेसीमूलः४.१%

<u>जलवायु</u>

मनसुनी हावापानी भएको यस जिल्लामा हावापानीको विशेषता जेष्ठ, आषाढदेखि भाद्र र असोजसम्म बढी पानी पर्ने र हिउँद याममा कम वर्षा हुने गर्दछ । यस जिल्लाको अधिकतम तापक्रम ४१० सेल्सियस र न्यूनतम तापक्रम सरदर १६० सेल्सियस छ भने वर्षा सरदर २,१५२ मिलिमिटर छ । कुल वर्षामध्ये करिब ८०% मनसुनी वर्षा र २०% आग्नेय वर्षा हुने गरेको छ । यहाँको हावापानीलाई भूभागको उचाइ, सामुद्रिक दुरी, पर्वतको मोहडा, हिमाली अक्षांश आदिले प्रभावित पारेको छ । भौगोलिक वनावटका आधारमा यस जिल्लामा उष्ण हावापानी र न्यानो समशीतोष्ण हावापानी दुई खालका जलवायु भए तापनि २१०० मिटरभन्दा माथि उचाइ (२१००-२३१० मि.) मा ठन्डा समशीतोष्ण हावापानी पनि रहेको छ । क्षेत्रफलको हिसाबले ८०.६% भू-भाग उष्ण, १८.८% भू-भागमा न्यानो समशीतोष्ण र ०.६% भू-भागमा ठन्डा समशीतोष्ण जलवायु रहेको पाइन्छ ।

<u>धरातल</u>

| | | |
|---|---|---|
| १. तराईः- ३१% | २. पहाडः- ६०% | ३. बेसी र टारः- ९% |

<u>सामाजिक अवस्था</u>

**धर्मः-**

| | | |
|---|---|---|
| (१) हिन्दु ७२.५७% | (२) बौद्ध १२.१२%, | (३) ईश्लाम ०.६८%, |
| (४) किराँत ९.८९% | (५) क्रिश्चियन २.३९%, | (६) प्रकृति २.११% |
| (७) बोन ०.०१% | (८) धर्म नखुलेको ०.२४% | |

**जातिः-**

ब्राह्मण, क्षेत्री, राई, मगर, थारु, तामाङ, नेवार, कामी, दमाई, सार्की, दनुवार, भुजेल, माझी, सुनुवार, मुसहर, मुस्लिम, ठकुरी, सन्यासी, तेली, कठबनियानी, हल्बाई, ठाकुर, शेर्पा, कलवार, यादव, सुधी, धिमाल, लिम्बु, गुरुङ्ग, सोनार, डोम, कोईरी र अन्य ।

पर्यटकीय स्थलहरु

| | | |
|---|---|---|
| त्रिवेणी मेला | उदयपुर सिमेन्ट उद्योग | ताप्ली पोखरी |
| उदयपुरगढी | चौदण्डीगढी | रौता पोखरी |
| गिद्धगया | बेलका दरबार (भग्नावशेष) | राजदह |
| पातले छाँगो | चित्रेथाम | एभरेष्ट भ्यू टप |

**बाटोघाटो तथा यातायात सम्बन्धी विवरणः**

| सि.नं. | सडक खण्ड | पक्की/कच्ची | लम्बाई कि.मी. | कैफियत |
|---|---|---|---|---|
| १ | लालपत्ता - गाईघाट सडकखण्ड | पक्की | १८ कि.मी. | |
| २ | गाईघाट - कटारी सडकखण्ड | पक्की/कच्ची | ९० कि.मी. | |
| ३ | चतरा - गाईघाट - कटारी सडकखण्ड (मदन भण्डारी राजमार्ग) | पक्की | ५७ कि.मी. | |
| ४ | गाईघाट – साउने हुँदै रसुवा (सगरमाथा राजमार्ग) | पक्की/कच्ची | ५४ कि.मी. | |
| ५ | सगरमाथा राजमार्ग | पक्की/कच्ची | १३१ कि.मी. | गाईघाट- दिक्तेल |
| ६ | सिद्धिचरण राजमार्ग | पक्की/कच्ची | ६७ कि.मी. | चुरे, कटारी, घुर्मी |
| ७ | गाईघाट-मुर्कुची-भालेबास- एभरेष्ट भ्यू टप-बाराहा-कुनाही सडक | कच्ची | ६७ कि.मी. | |

**प्रमुख नदीनाला तथा तालहरुः**

सप्तकोसी, रसुवा, त्रियुगा, बरुवा, कंग खोला, द्वार खोला, तावा खोला, वैद्यनाथ खोला, ककरु खोला, बादुरा खोला, कमला खोला, यारी खोला, राँकुला खोला आदि यस जिल्लाका केही मुख्य नदी तथा खोलाहरु हुन् भने यस जिल्लाका प्रमुख पोखरीहरुमा रौता पोखरी, सुके पोखरी, ताप्ली पोखरी, झिल्के पोखरी, थान पोखरी, जोगिदहको पोखरी आदि हुन् ।

**प्रमुख हाटबजारहरु**

| सि.नं. | हाटबजार लाग्ने स्थान | सुरक्षा प्रदान गर्ने युनिट | कैफियत |
|---|---|---|---|
| १ | बेल्टार बजार | ईप्रका बेल्टार उदयपुर | |
| २ | हडिया बजार | प्रचौ हडिया उदयपुर | |
| ३ | रामपुर बजार | ईप्रका रामपुर ठोक्सिला | |
| ४ | लालबजार | प्रचौ लालबजर | |
| ५ | तरकारी बजार | अप्रपोष्ट तरकारीबजार | |
| ६ | जलजले | ईप्रका जलजले | |
| ७ | भुट्टार | ईप्रका रौतामाई | |
| ८ | नेपालटार | अप्रपोष्ट नेपालटार | |
| ९ | उदयपुरगढी | प्रचौ उदयपुरगढी | |
| १० | लिम्वुङबुङ बजार | ईप्रका लिम्चुङबुङ | |
| ११ | कटारी बजार | ईप्रका कटारी | |
| १२ | घुर्मी बजर | प्रचौ घुर्मी | |
| १३ | मुर्कुची बजर | प्रहरी चौकी सुकौरा | |

**स्वास्थ्य संस्थासम्बन्धी विवरण**

जिल्ला अस्पताल उदयपुरः १ प्राथमिक स्वास्थ्य चौकीहरुः १०


कटारी अस्पतालः १ सगरमाथा आयुर्वेद कार्यालयः १

प्राथमिक स्वास्थ्य केन्द्रहरुः ६ आयुर्वेद केन्द्रहरुः १ निजी अस्पतालहरुः ६

**ख .राजनैतिक अवस्था**

- प्रतिनिधि सभा क्षेत्रः २
- प्रदेश सभा क्षेत्रः ४
- स्थानीय तहहरुः नगरपालिकाः ४ र गाउँपालिकाः ४

**यस जिल्लामा ४ वटा नगरपालिका र ४ वटा गाँउपालिका रहेको ।**




यस जिल्लाको अकार पूर्व तिर साघुरो र क्रमशः पश्चिमतिर फुक्दै गएकोछ ।

**स्थानीय तहहरूको विवरण निम्नानुसार रहेकोः**

| नगरपालिकाहरुः | | | |
|---|---|---|---|
| **वेलका नगरपालिका** | **चौदण्डीगढी नगरपालिका** | **त्रियुगा नगरपालिका** | **कटारी नगरपालिका** |
| केन्द्रः– रामपुर ठोक्सीला<br>क्षेत्रफलः– ३४४.७३ वर्ग कि.मी.<br>जनसंख्याः– ४२,३८६<br>वडा संख्याः– ९ | केन्द्रः– वेल्टार वजार<br>क्षेत्रफलः– २८३.७८ वर्ग कि.मी.<br>जनसंख्याः– ४८,५७४<br>वडा संख्याः– १० | केन्द्रः– गाईघाट वाजार<br>क्षेत्रफलः– ५४७.४३ वर्ग कि.मी.<br>जनसंख्याः– ८७,५५७<br>वडा संख्याः– १६ | केन्द्रः– कटारी वजार<br>क्षेत्रफलः– ४२४.८९ वर्ग कि.मी.<br>जनसंख्याः– ५६,१४६<br>वडा संख्याः– १४ |

| गाउँपालिकाहरुः | | | |
|---|---|---|---|
| **रौतामाई गाउँपालिका** | **उदयपुरगढी गाउँपालिका** | **लिम्चुङबुङ गाउँपालिका** | **ताप्ली गाउँपालिका** |
| केन्द्रः– भुट्टार<br>क्षेत्रफलः– २०४.०८ वर्ग कि.मी.<br>जनसंख्याः– २३,४८१<br>वडा संख्याः– ८ | केन्द्रः– उदयपुरगढी<br>क्षेत्रफलः– २६९.५१ वर्ग कि.मी.<br>जनसंख्याः– ३०,७३१<br>वडा संख्याः– ८ | केन्द्रः– वाराहा<br>क्षेत्रफलः– १०६.०८ वर्ग कि.मी.<br>जनसंख्याः– ११,९९२<br>वडा संख्याः– ५ | केन्द्रः– रूपाटार<br>क्षेत्रफलः– ११९.११ वर्ग कि.मी.<br>जनसंख्याः– १४,५६२<br>वडा संख्याः– ५ |

**जिल्लामा रहेका प्रमुख राजनैतिक दलहरुको नामावली**

- नेपाल कम्युनिष्ट पार्टी
- नेपाली काँग्रेस
- जनता समाजवादी पार्टी
- राष्ट्रिय प्रजातन्त्र पार्टी

**प्रतिनिधि सभाका र प्रदेश सभामा निर्वाचित माननीयहरुको नामावली**

| सि.नं. | नाम थर | निर्वाचन क्षेत्र | राजनैतिक दलको नाम | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | मा. डा. नारायण खडका | प्रतिनिधि सभा १ | नेपाली काँग्रेस | ९८५१०७६७१० |
| २ | मा. सुरेश राई | प्रतिनिधि सभा २ | नेकपा माओवादी केन्द्र | ९८५१००१६४३ |
| ३. | मा. विमल कार्की | प्रदेशसभा सदस्य १ (क) | नेकपा एमाले | ९८५२८३५००४ |
| ४ | मा. हिमाल कार्की | प्रदेशसभा सदस्य १ (ख) | नेपाली काँग्रेस | ९८५२८३११६५ |
| ५ | मा. नारायण ब. बुर्जा मगर | प्रदेशसभा सदस्य २ (क) | नेकपा माओवादी केन्द्र | ९८४२८२४२६७ |
| ६ | मा. कला घले | प्रदेशसभा सदस्य २ (ख) | नेकपा एमाले | ९८४२९७९६५२ |

**समानुपातिक माननीयहरुको नामावली**

| सि.नं. | नाम थर | निर्वाचन क्षेत्र | राजनैतिक दलको नाम | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | मा. प्रमिला राई | संघीय संसद | नेपाली काँग्रेस | ९८५११८३०८७ |
| २ | मा. लक्ष्मी परियार | संघीय संसद | नेपाली काँग्रेस | ९८५१११२६१९ |
| ३. | मा. अम्बिका थापा | प्रदेश सभा सदस्य | नेकपा एमाले | ९८४२८२६४९१ |
| ४ | मा. सुनिता चौधरी | प्रदेश सभा सदस्य | नेकपा एमाले | ९८४२८२६४९१ |
| ५ | मा. सन्जा दनुवार | प्रदेश सभा सदस्य | नेपाली काँग्रेस | ९८१९७१६२८८ |

**जिल्ला समन्वय प्रमुख/उपप्रमुख र स्थानीय तहका प्रमुख/उपप्रमुखहरुको नामावली**

| सि.नं. | स्थानिय तहको नाम | पद | निर्वाचित जनप्रतिनिधिको नाम | | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|
| | | | पार्टी | नाम, थर | |
| १ | जि.स.स. | प्रमुख | नेकपा एमाले | खडग बहादुर परियार | ९८५२८३५७१३ |
| | | उपप्रमुख | नेकपा एमाले | गंगा राई | ९८५२८३५८०३ |
| २ | त्रियुगा नगरपालिका | मेयर | नेकपा एमाले | बलदेव चौधरी | ९८५११५२६७० |
| | | उपमेयर | नेपाली काँग्रेस | देवी कुमारी चौधरी | ९८४२८४३३३३ |
| ३ | कटारी | मेयर | नेकपा एमाले | ज्ञानेन्द्र श्रेष्ठ | ९८५१०१५०५० |

| | | | | | |
|---|---|---|---|---|---|
| | नगरपालिका | उपमेयर | नेकपा एमाले | भिम कुमारी राउत | ९८५२९३२९९७ |
| ४ | चौदण्डीगढी नगरपालिका | मेयर | नेपाली काँग्रेस | खगेन्द्र राई | ९८४१०३०१२७ |
| | | उपमेयर | नेपाली काँग्रेस | रिता चौधरी | ९८४२२४१३७२ |
| ५ | बेलका नगरपालिका | मेयर | नेकपा एमाले | दुर्गा कुमार थापा | ९८५२८३५३८३ |
| | | उपमेयर | नेकपा एमाले | राज कुमारी चौधरी | ९८१९७५८९३६ |
| ६ | उदयपुरगढी गाउँपालिका | अध्यक्ष | नेकपा एमाले | मान बहादुर केप्छाकी मगर | ९७४३०२३३५७ |
| | | उपाध्यक्ष | नेकपा एमाले | सानु राउत | ९८६२९१२४७७ |
| ७ | ताप्ली गाउँपालिका | अध्यक्ष | नेकपा एमाले | उद्धव सिंह थापा | ९८४२५७९६८० |
| | | उपाध्यक्ष | नेकपा एमाले | कमला माया राई | ९७४३०२५००९ |
| ८ | रौतामाई गाउँपालिका | अध्यक्ष | नेकपा एमाले | गजेन्द्र बहादुर खडका | ९८५२८३०३२५ |
| | | उपाध्यक्ष | नेकपा एमाले | कुमारी ज्यू ठकुरी | ९७४३००८९६७ |
| ९ | लिम्चुङबुङ गाउँपालिका | अध्यक्ष | नेकपा माओवादी केन्द्र | मेजर कुमार राई | ९८१३३७३३८२ |
| | | उपाध्यक्ष | नेपाली काँग्रेस | रमिला राई | ९८४२८३८४९४ |

**प्रशासनिक अवस्थाः**

**यस जिल्लामा सञ्चालित सार्वजानिक निकायहरू निम्नानुसार रहेका छन्**

| सि.नं. | कार्यालयको नाम | दर्जा | नाम थर | कैफियत |
|---|---|---|---|---|
| १ | उदयपुर जिल्ला अदालत | जिल्ला न्यायाधीश | दिपक खनाल | |
| २ | जिल्ला प्रशासन कार्यालय | प्रमुख जिल्ला अधिकारी | तुलसीराम सेडाई | |
| ३ | श्री नं १८ बाहिनी | वाहिनीपति सहायक रथी | कृष्ण प्रसाद सापकोटा | |
| ४ | रण शार्दुल गण | प्रमूख सेनानी (गणपति) | अर्जुन बोहोरा | |
| ५ | जिल्ला प्रहरी कार्यालय | प्रहरी उपरीक्षक | सुवास चन्द्र बोहरा | |
| ६ | स.प्र.बल ५ नं. गण | स.प्र.उ. (गणपति) | सुधिर सुवेदी | |
| ७ | राष्ट्रिय अनुसन्धान जि.का. | उप अनुसन्धान निर्देशक | देबराज लिम्बु | |
| ८ | जिल्ला समन्वय समिति | जिल्ला समन्वय अधिकारी | ज्ञानेन्द्र प्रसाद ढकाल | |
| ९ | जिल्ला सरकारी वकिल कार्यालय | जिल्ला न्यायाधिवक्ता | भोलानाथ निरौला | |
| १० | कोष तथा लेखा नियन्त्रक का. | प्रमुख कोष नियन्त्रक | ........... | |
| ११ | शिक्षा विकास तथा समन्वय ई. | शिक्षा समन्वय अधिकारी | केदार कुमार गिरी | |
| १२ | वन डिभिजन कार्यालय गाईघाट | डिभिजन प्रमुख | अम्बिका प्र पौडेल | |
| १३ | कृषि ज्ञान केन्द्र | नि.प्रमुख | महेश कुमार चौधरी | |
| १४ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना | प्रमुख | राम सोगारथ साह | |
| १५ | खा.स.डि.का. स.कार्यालय | कार्यालय प्रमुख | सत्य नारायण साह | |
| १६ | पूर्वधार विकास कार्यालय | कार्यालय प्रमुख | जितेन्द्र कुमार कर्ण | |
| १७ | स्वास्थ्य कार्यालय | स्वास्थ्य कार्यालय प्रमुख | मोहन सुवेदी | |
| १८ | जिल्ला अस्पताल | अस्पताल प्रमुख | जीव नारायण मण्डल | |

| | | | | |
|---|---|---|---|---|
| १९ | गाईघाट दिक्तेल सडक योजना | योजना प्रमुख | गोपाल प्रसाद खकुरेल | |
| २० | बृहत जलाधार व्यवस्थापन केन्द्र | व.ज.अधिकृत | उद्धव बहादुर घिमिरे | |
| २१ | त्रियुगा नगरपालिका | प्र.प्र.अधिकृत | लक्ष्मण विक्रम थापा | |
| २२ | मालपोत कार्यालय | मालपोत अधिकृत | नवराज खडका | |
| २३ | जिल्ला हुलाक कार्यालय | हुलाक अधिकृत | हरिलाल खत्री | |
| २४ | जिल्ला निर्वाचन कार्यालय | जिल्ला निर्वाचन अधिकृत | हिमालय बराल | |
| २५ | सगरमाथा अयुर्वेद औषधालय | आयुर्वेदिक चिकित्सक | डा. सरोज प्रसाद विशाल | |
| २६ | तथ्याङ्क कार्यालय | तथ्याङ्क अधिकृत | शिव नारायण महतो | |
| २७ | भेटेनरी अस्पताल तथा पशु विज्ञ केन्द्र | कार्यालय प्रमुख | अजय कुमार साह | |
| २८ | जलस्रोत तथा सिंचाई वि.डि. | डिभिजन प्रमुख | असोकमुनी बज्राचार्य | |
| २९ | करदाता सेवा कार्यालय | कर अधिकृत | सरोज कुमार सिंह | |
| ३० | नापी कार्यालय | नापी अधिकृत | विनोद कुमार चौधरी | |
| ३१ | कारागार कार्यालय | जेलर (अधिकृत) | कुमार बहादुर खडका | |
| ३२ | सघन सहरी विकास कार्यालय राजविराज | इन्जिनियर | ब्रह्मदेव चौधरी | |
| ३३ | शहरी विकास तथा भ.नि.का. विराटनगर सम्पर्क का. गाईघाट | इन्जिनियर | उदय चौधरी | |
| ३४ | यातायात व्यवस्था सेवा कार्यालय | कार्यालय प्रमुख | सुभाष जङ्ग कार्की | |
| ३५ | मदन भण्डारी राजमार्ग | कार्यालय प्रमुख | वेल बहादुर भुजेल | |
| ३६ | जल उत्पन प्रकोप नियन्त्रण कार्यालय ओखलढुङ्गा | कार्यालय प्रमुख | | |
| ३७ | घरेलु तथा साना उद्योग कार्यालय | कार्यालय प्रमुख | पाक्रम खाँ | |
| ३८ | इलाका प्रशासन कार्यालय कटारी | कार्यालय प्रमुख | तुलाराज सुनुवार | |
| ३९ | वन डिभिजन कार्यालय कटारी | कार्यालय प्रमुख | फणिन्द्रमणी पोखरेल | |
| ४० | मालपोत कार्यालय, कटारी | कार्यालय प्रमुख | नेत्रराज भण्डारी | |
| ४१ | नापी कार्यालय, कटारी | कार्यालय प्रमुख | इन्द्र कुमार साह | |

**बैंक तथा अन्य संस्थानहरु गाईघाट**

| | | | |
|---|---|---|---|
| ४२ | राष्ट्रिय बाणिज्य बैंक गाईघाट | शाखा प्रबन्धक | शिव पौडेल |
| ४३ | नेपाल बैंक लिमिटेड गाईघाट | शाखा प्रवन्धक | गोबिन्द त्रिपाठी |
| ४४ | कृषि विकास बैंक गाईघाट | शाखा प्रवन्धक | कृष्ण कुमार कटुवाल |
| ४५ | नेपाल टेलिकम गाईघाट | कार्यालय प्रमुख | धर्मेन्द्र यादव |
| ४६ | नेपाल विद्युत प्रधिकरण गाईघाट | शाखा प्रबन्धक | रोशन कुमार सिंह |
| ४७ | कृषि समाग्री कम्पनी गाईघाट | कार्यालय प्रमुख | सन्तोष कुमार यादव |
| ४८ | ग्लोबल आईएमई बैंक लि. गाईघाट | शाखा प्रबन्धक | रविन राज नेपाल |
| ४९ | नेपाल इन्भेष्टमेन्ट बैंक लि. गाईघाट | शाखा प्रबन्धक | अरुण कुमार श्रेष्ठ |
| ५० | एनआसी एशिया बैंक लि. गाईघाट | शाखा प्रबन्धक | रमेश खडका |
| ५१ | सनराईज बैंक लि. गाईघाट | शाखा प्रबन्धक | सन्जय कुमार गेलाल |

| | | | |
|---|---|---|---|
| ५२ | प्रभु बैंक बैंक लि. गाईघाट | शाखा प्रबन्धक | युवराज तामाङ्ग |
| ५३ | एनएमबी बैंक लि. गाईघाट | शाखा प्रबन्धक | राजेश पोखरेल |
| ५४ | माछापुच्छ्रे बैंक लि. गाईघाट | शाखा प्रबन्धक | भुवन न्यौपाने |
| ५५ | सिटिजन बैंक लि. गाईघाट | शाखा प्रबन्धक | विपिन पौडेल |
| ५६ | सिद्धार्थ बैंक लि. गाईघाट | शाखा प्रबन्धक | सुनिल पोखरेल |
| ५७ | सानिमा बैंक लि. गाईघाट | शाखा प्रबन्धक | माधव वाग्ले |
| ५८ | एनसिसि बैंक लि. गाईघाट | शाखा प्रबन्धक | घनश्याम बस्नेत |
| ५९ | नविल बैंक लि. गाईघाट | शाखा प्रबन्धक | रेवती पौडेल |
| ६० | लक्ष्मी बैंक लि. गाईघाट | शाखा प्रबन्धक | संदिप अधिकारी |
| ६१ | सिभिल बैंक लि. गाईघाट | शाखा प्रबन्धक | प्रकाश कुमार गुरागाई |
| ६२ | ज्योति बिकास बैंक लि. गाईघाट | शाखा प्रबन्धक | नेत्र प्रसाद चौधरी |

**कटारीमा रहेका बैंक तथा वित्तिय संस्थाहरुको विवरणः**

| | | | |
|---|---|---|---|
| ६३ | राष्ट्रिय वाणिज्य बैंक | शाखा प्रबन्धक | ईश्वर श्रेष्ठ |
| ६४ | कृषि विकास बैंक | शाखा प्रबन्धक | अजय शाह |
| ६५ | माछापुच्छ्रे बैंक | शाखा प्रबन्धक | भरत मणी दाहाल |
| ६७ | एनएमबी बैंक | शाखा प्रबन्धक | खुश बहादुर कटुवाल |
| ६८ | सेन्चुरी बैंक | शाखा प्रबन्धक | ईश्वर कुमार राउत |
| ६९ | एनसीसी बैंक | शाखा प्रबन्धक | रमेश भण्डारी |
| ७० | एनआईसी बैंक | शाखा प्रबन्धक | लुमिनी राज कार्की |
| ७१ | सिद्धार्थ बैंक | शाखा प्रबन्धक | प्रदिप लोहोनी |
| ७२ | नबिल बैंक | शाखा प्रबन्धक | सुदिप दाहाल |
| ७३ | मुक्तीनाथ विकास बैंक | शाखा प्रबन्धक | विपिन श्रेष्ठ |

## ३. जिल्ला प्रशासन कार्यालयबाट सम्पादन गरिने प्रमुख कार्यहरुः

- शान्ति सुरक्षा सम्बन्धी कार्य,
- जिल्लास्थित कार्यालयहरुको समन्वय एवं अनुगमन रेखदेख नियन्त्रण,
- नेपाली नागरिकताको प्रमाण पत्र जारी गर्ने सम्बन्धी कार्य तथा प्रतिलिपि नागरिकता प्रमाणपत्र जारी गर्ने कार्य,
- राहदानी सिफारिश तथा वितरण,
- नाबालक परिचयपत्र जारी गर्ने तथा प्रतिलिपि दिने कार्य,
- राष्ट्रिय परिचयपत्रको लागि विवरण दर्ता गर्ने कार्य,
- हातहतियार ईजाजत तथा नववीकरण सम्बन्धी,
- संस्था, पत्रपत्रिका तथा छापाखाना सम्बन्धीः संस्था दर्ता र प्रमाण पत्र, संस्था नवीकरण, संस्थाको विधान संशोधन, जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति, पत्रपत्रिका दर्ता, छापाखाना संचालन स्वीकृति,
- नाम, थर, उमेर फरक परेको सिफारिस,
- कुनै व्यहोरा प्रमाणित गर्ने,
- बजार अनुगमन सम्बन्धी कार्य,
- तोकिएका न्यायिक कार्य,

- सार्वजनिक स्थानमा अवाञ्छनीय क्रियाकलापको रोकथाम, मादक पदार्थ, सार्वजनिक अपराध आदिको नियन्त्रण,
- विपद् जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन सम्बन्धी कार्य,
- अवैध मदिरा नियन्त्रण,
- जिल्ला भित्र रहेको नेपाल सरकारको सबै सम्पत्तीको रेखदेख, सम्भार तथा मर्मत गर्ने गराउने,
- जिल्ला स्तरमा सार्वजनिक उत्सव, राष्ट्रिय दिवस मनाउने,
- मुआब्जा निर्धारण तथा वितरण,
- नेपाल सरकार र प्रदेश सरकारबाट तोकिएका अन्य कार्यहरु,
- अन्य कुनै कार्यालयको कार्य क्षेत्रमा नपरेको नेपाल सरकारका कार्यहरु ।

**४. ऐन, नियम वा विनियम वा निर्देशिकाको सूची**

**जिल्ला प्रशासन कार्यालयसँग सम्बन्धित ऐनहरु :**

- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८
- अचल सम्पत्ति अधिग्रहण ऐन, २०१३
- अध्यागमन ऐन, २०४९
- अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४
- अभिलेख संरक्षण ऐन, २०४६
- आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९
- आयोडिनयुक्त नून (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५
- आर्थिक ऐन, २०६८
- आर्थिक कार्यविधि ऐन, २०५५
- आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७
- आवश्यक वस्तु संरक्षण ऐन, २०१२
- आवश्यक सेवा सञ्चालन ऐन, २०१४
- उपभोक्ता संरक्षण ऐन, २०७५
- कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८
- कानूनी सहायता सम्बन्धी ऐन, २०५४
- कारागार ऐन, २०१९
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१
- कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२
- केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०६३
- क्षतिपूर्ति ऐन, २०१९
- खाद्य ऐन, २०२३
- गुठी संस्थान ऐन, २०३३
- घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६
- चन्दा ऐन, २०३०
- चलचित्र निर्माण, पद्रर्शन तथा वितरण ऐन, २०२६
- चिठ्ठा ऐन, २०२५
- छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन २०४८
- जग्गा प्राप्ति ऐन, २०३४

- जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३
- जलस्रोत ऐन, २०४९
- जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८
- ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३
- ट्रेड युनियन ऐन, २०४९
- तथ्याङ्क ऐन, २०१५
- दाना पदार्थ ऐन, २०३३
- नगर विकास ऐन, २०४५
- निजामती सेवा ऐन, २०४९
- निर्माण व्यवसाय ऐन, २०५५
- निर्वाचन (कसुर र सजाय) ऐन, २०७३
- नेपाल गुणस्तर (प्रमाण-चिन्ह) ऐन, २०३७
- नेपाल नागरिकता ऐन, २०६३
- नेपाल पेट्रोलियम ऐन, २०४०
- नेपाल स्वास्थ्य सेवा ऐन, २०५५
- पशु वधशाला र मासु जाँच ऐन, २०५५
- प्रतिष्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३
- प्रमाण ऐन, २०३१
- प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३
- प्रहरी ऐन, २०१२
- बालबालिका सम्बन्धी ऐन, २०७५
- बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६
- बेपत्ता पारिएका व्यक्तिको छानविन तथा सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१
- बैङ्क तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
- भन्सार ऐन, २०६४
- भ्रष्टाचार निवारण ऐन, २०५९
- मदिरा ऐन, २०३१
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४
- मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५
- मुलुकी अपराध (संहिता) ऐन, २०७४
- मुलुकी फौजदारी कार्याविधि संहिता, २०७४
- यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३
- राष्ट्रिय निर्देशन ऐन, २०१८
- राहदानी ऐन, २०२४
- लागु औषध (नियन्त्रण) ऐन, २०३३
- लिखतहरूको गोप्यता सम्बन्धी ऐन, २०३९
- वातावरण संरक्षण ऐन, २०५३
- विद्युत चोरी नियन्त्रण ऐन, २०५८
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६

- विष्फोटक पदार्थ ऐन, २०१८
- वैदेशिक रोजगार ऐन, २०६४
- शिक्षा ऐन, २०२८
- श्रम ऐन, २०७४
- संक्रामक रोग ऐन, २०२०
- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९
- संस्था दर्ता ऐन, २०३४
- सशस्त्र प्रहरी ऐन, २०५८
- सामाजिक व्यवहार (सुधार) ऐन, २०३३
- सार्वजनिक खरिद ऐन, २०६३
- सार्वजनिक सडक ऐन, २०३१
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
- सूचनाको हक सम्बन्धी ऐन, २०६४
- सूर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८
- स्थानीय प्रशासन ऐन, २०२८
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- स्थानीय तह निर्वाचन ऐन, २०७३
- स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६
- हातहतियार खरखजाना ऐन, २०१९
- होटल व्यवस्था तथा मदिराको बिक्री वितरण (नियन्त्रण) ऐन, २०२३

यी ऐन सँगै सम्बद्ध ऐनका नियमावलीहरु

- सो अन्तर्गत बनेका बिनियम र निर्देशिकाहरु
- अधिकार प्रत्यायोजन भएका ऐनका विषयहरु
- प्रजिअ समेतले प्रतिनिधित्व गर्ने समितिहरुको विवरणमा उल्लेखित ऐन, नियम, निर्देशिकाहरु

## ५. जिल्ला प्रशासन कार्यालयको स्वीकृत दरबन्दी विवरणः

| सि.नं. | पद | श्रेणी तह | दरवन्दी अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | दरवन्दी संख्या | दरबन्दी पूर्ती | दरबन्दी रित्त | |
| १ | प्र.जि.अ. | रा प प्रथम | १ | १ | - | |
| २ | स.प्र.जि.अ. | रा प द्वितीय | १ | १ | - | |
| ३ | प्रशासकीय अधिकृत | रा प तृतीय | २ | २ | - | |
| ४ | कम्प्युटर अपरेटर | रा प अनं. प्रथम | २ | २ | - | |
| ५ | नायब सुब्बा | रा प अनं. प्रथम | ७ | ७ | - | |
| ६ | लेखापाल | रा प अनं. प्रथम | १ | १ | - | |
| ७ | खरिदार | रा प अनं. द्वितीय | ४ | ४ | - | |
| ८ | हलुका सवारी चालक | श्रेणी विहिन | २ | २ | - | |
| ९ | कार्यालय सहयोगी | श्रेणी विहिन | ७ | ७ | - | |
| | | **जम्मा** | २७ | २७ | - | |

६. जिल्ला प्रशासन कार्यालय उदयपुरको संगठन संरचना

## नेपाल सरकार

## गृह मन्त्रालय

### जिल्ला प्रशासन कार्यालय उदयपुरको संगठन संरचना

**प्रमुख जिल्ला अधिकारी**
रा. प. प्रथम, प्रशासन-१

**निजी सहायक (रा.प.अनं प्र.,प्र.सा.प्र) ना.सु.-१**
ह.स.चा. श्रेणी बिहिन- -१, का.स. श्रेणी बिहिन-१

**सहायक प्रमुख जिल्ला अधिकारी**
रा.प. द्वितीय, प्र.,सा.प्र.-१

**प्रशासकीय अधिकृत**
(रा.प.तृतीय), प्र.,सा.प्र.-१

**स्थानीय प्रशानस तथा शा.सु. शाखा**
- ना.सु ,प्र.,सा.प्र.,रा.प.अनं.प्र-१
- खरिदार,प्र.,सा.प्र.,रा.प.अनं.द्वि.- १
- का.स.,श्रेणी बिहिन- १
- ह.स.चा. श्रेणी बिहिन- १

**नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा**
- ना.सु ,प्र.,सा.प्र.रा.प.अनं.प्र -२
- क.अ.,विविध,रा.प.अनं.प्र -१
- खरिदार,,प्र.,सा.प्र.,रा.प.अनं.द्वि.- १
- का.स.,श्रेणी बिहिन- १

**आर्थिक प्रशासन शाखा**
- ले.पा.,प्र.,लेखा,रा.प.अनं.प्र.- १
- का.स.,श्रेणी बिहिन- १

**प्रशासकीय अधिकृत**
(रा.प.तृतीय), प्र.,सा.प्र.-१

**राहदानी तथा जिन्सी दर्ता शाखा**
- ना.सु ,प्र.,सा.प्र.रा.प.अनं.प्र -१
- क.अ.,विविध,रा.प.अनं.प्र १
- खरिदार,,प्र.,सा.प्र.,रा.प.अनं.द्वि.- १
- का.स.,श्रेणी बिहिन- १

**गुनासो सुनुवाइ तथा अभिलेख व्यवस्थापन शाखा**
- ना.सु ,प्र.,सा.प्र.रा.प.अनं.प्र -१
- का.स.,श्रेणी बिहिन-१

**मुद्दा तथा हातहतियार शाखा**
- ना.सु ,प्र.,सा.प्र.रा.प.अनं.प्र -१
- खरिदार,,प्र.,सा.प्र.,रा.प.अनं.द्वि.- १
- का.स.,श्रेणी बिहिन-१

## ७. कार्यालयबाट प्रदान गरिने सेवा

क. स्थानीय प्रशासन सम्बन्धी सेवाः

- नाम, थर, उमेर आदि प्रमाणित
- नावालक परिचय पत्र
- पेन्सन सम्बन्धी सिफारिस
- आदिवासी जनजाति, दलित सिफारिस
- पत्र-पत्रिका दर्ता
- छापाखाना दर्ता
- पारिवारिक विवरण प्रमाणित
- नाता प्रमाणित
- सहज आपूर्ति व्यवस्थापन सुनिश्चित गर्नका लागि बजार अनुगमन तथा नियमन
- सरकारी/सार्वजनिक सम्पत्ति संरक्षण

ख. नागरिकता सम्बन्धी सेवाः

- वंशजको आधारमा नेपाली नागरिकताको प्रमाण पत्र वितरण
- वैवाहिक अंगीकृत नागरिकताको प्रमाण पत्र वितरण
- नागरिकताको प्रमाण पत्रको प्रतिलिपि वितरण

ग. राहदानी सम्बन्धी सेवाः

- राहदानी फारम संकलन
- द्रुत राहदानी सिफारिस
- राहदानी वितरण

घ. मुद्दा तथा उजुरी/गुनासो सम्बन्धी सेवाः

- मुलुकी अपराध संहिता, २०७४ तथा अन्य विषयगत ऐन अनुसार प्राप्त अधिकार बमोजिम मुद्दा शुरु कारवाही र किनारा गर्ने ।
- गुनासो तथा ठाडो उजुरी

ङ. हातहतियार इजाजत तथा नवीकरण सम्बन्धी सेवाः

- हातहतियार इजाजत, नामसारी, नवीकरण र स्वामित्व हस्तान्तरण

च. संस्था दर्ता तथा नवीकरण सम्बन्धी सेवाः

- संस्था दर्ता
- संस्था नवीकरण
- संस्थाको विधान संशोधन
- संस्थाको शाखा खोल्ने स्वीकृति

छ. विपद् व्यवस्थापन सम्बन्धी सेवाः

- जिल्ला विपद् व्यवस्थापन समितिको बैठक सञ्चालन तथा व्यवस्थापन
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कार्ययोजना निर्माण
- विपद् क्षति विवरण संकलन
- विपद् पीडित भएकाहरुलाई क्षतिपूर्ति एवं राहत वितरण तथा पुनःर्स्थापना

ज. अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा हेलो सरकारसम्बन्धी सेवाः

- अख्तियार दुरुपयोग अनुसन्धान आयोग र हेलो सरकार तथा अन्य निकायबाट प्राप्त उजुरी एवं निवेदनहरु उपर प्रारम्भिक छानविन ।

**८. सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी**

**कोठा नं. १ प्रमुख जिल्ला अधिकारी कक्ष**

- जिल्लाको शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जिउधनको संरक्षण, विपद व्यवस्थापन, सुशासन प्रवर्द्धन, सेवा प्रवाह, समन्वय र अनुगमन लगायतका सम्पूर्ण कामकाज ।

**कोठा नं. ७ सहायक प्रमुख जिल्ला अधिकारी कक्ष**

- कार्यालयको दैनिक प्रशासनिक कार्यः नागरिकता, राहदानी लगायतका पेश भएका कार्यहरुमा सदर गर्ने साथै जिल्लाको शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जिउधनको संरक्षण, विपद् व्यवस्थापन, सुशासन प्रबर्द्धन, सेवा प्रवाह, समन्वय र अनुगमन लगायतका सम्पूर्ण कामकाज गर्ने ।

**कोठा नं. ५ स्थानीय प्रशासन शाखा**

- विभिन्न सिफारिस, संस्था नविकरण, संस्था दर्ता, हातहतियार दर्ता, नामसारी, नविकरण, नावालक परिचयपत्र लगायतका अन्य सम्पुर्ण प्रशासनिक कार्य
- चिठ्ठी पत्र दर्ता तथा चलानी गर्ने काम ।

**जिम्मेवार अधिकारीहरु-** स.प्र.जि.अ. श्री विनोद कुमार पोखरेल
प्र.अ. श्री भक्त बहादुर राई
प्र.अ. श्री दिपक दाहाल
ना.सु. श्री डिगम बहादुर कार्की
खरिदार श्री नितेश कुमार साह
का.स. श्री शान्ता देवी मगर

**कोठा नं. १८. राष्ट्रिय परिचय पत्रका लागि वितरण दर्ता स्टेशन**

- राष्ट्रिय परिचय पत्रका लागि विवरण दर्ता गर्ने ।

**जिम्मेवार अधिकारीहरु-** स.प्र.जि.अ. श्री विनोद कुमार पोखरेल
प्र.अ. श्री भक्त बहादुर राई
प्र.अ. श्री दिपक दाहाल
दर्ता अपरेटर श्री जीवन फुयाल
दर्ता अपरेटर श्री सोमनाथ अधिकारी
दर्ता सहयोगी श्री निर्मला भुजेल

**कोठा नं. ११. मुद्दा शाखा**

- सार्वजनिक कसुरसंग सम्वन्धित मुद्दा दर्ता, बयान सम्बन्धी, फैसला लेखन गर्ने, ठाडो उजुरी ।

**जिम्मेवार अधिकारीहरु-** प्र.जि.अ. श्री तुलसीराम सेडाई
स.प्र.जि.अ. श्री विनोद कुमार पोखरेल
प्र.अ. श्री भक्त बहादुर राई
प्र.अ. श्री दिपक दाहाल
ना.सु. श्री राम प्रसाद राई
खरिदार श्री उमेशमणि पोखरेल

**कोठा नं. ८. लेखा शाखा (आर्थिक प्रशासनको कार्य)**

- लेखा सम्बन्धी सम्पूर्ण कामकाज

**जिम्मेवार अधिकारीहरु-** प्र.जि.अ. श्री तुलसीराम सेडाई
लेखापाल श्री दिपेन्द्र अधिकारी
का.स. श्री कमला खडका

**कोठा नं. १५. राहदानी (MRP) पासपोर्ट शाखा**

- राहदानीको लागि आवेदन फाराम पेश गर्ने र तयार भएको राहदानी लिने तथा अभिलेख राख्ने ।

**जिम्मेवार अधिकारीहरु-** स.प्र.जि.अ. श्री विनोद कुमार पोखरेल
प्र.अ. श्री भक्त बहादुर राई
प्र.अ. श्री दिपक दाहाल
ना.सु. श्री डिल्ली राज बस्नेत
का.स. श्री मनोज सुवेदी

**कोठा नं. १४. प्रतिलिपि शाखा**

- प्रतिलिपि नागरिकताको फाराम पेश गर्ने तथा नागरिकताको अभिलेखको लागि सिफारिस पेश गर्ने, सनाखत गर्ने, अभिलेखमा चढाउने, छाप लगाउने तथा नागरिकता प्रिन्ट गरि तयार गरेर दिने।

**जिम्मेवार अधिकारीहरु-** स.प्र.जि.अ. श्री विनोद कुमार पोखरेल
प्र.अ. श्री भक्त बहादुर राई
प्र.अ. श्री दिपक दाहाल
क.अ. श्री सुनिल पोखरेल
क.अ. श्री जुनेश पोखरेल
ना.सु. श्री दिल बहादुर धौलाकोटी
खरिदार श्री विमल कुमार राना
का.स. श्री याणेन्द्र कुमार दाहाल

**कोठा नं. १२. नयाँ नागरिकता शाखा**

- नयाँ नागरिकताको फाराम पेश गर्ने, नागरिकताको अभिलेखको लागि सिफारिस पेश गर्ने, सनाखत गर्ने, अभिलेखमा चढाउने, छाप लगाउने तथा नागरिकता प्रिन्ट गरि तयार गरेर दिने लगायतका कामहरू हुने ।

**जिम्मेवार अधिकारीहरु-** स.प्र.जि.अ. श्री विनोद कुमार पोखरेल
प्र.अ. श्री भक्त बहादुर राई
प्र.अ. श्री दिपक दाहाल
क.अ. श्री सुनिल पोखरेल
क.अ. श्री जुनेश पोखरेल
ना.सु. श्री तिलक नेपाली
ना.सु. श्री पुष्पराज राई
खरिदार श्री शम्भु कुमार दनुवार
का.स. श्री विना कार्की

## ९. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

| सि.नं. | प्रदान गरिने सेवा | लाग्ने दस्तुर रु. | लाग्ने अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | वंशजको आधारमा नेपाली नागरिकताको प्रमाण पत्र वितरण | रु. १०/- को टिकट | कागजात पूरा भएमा सोही दिन | |
| २ | नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि वितरण | रु. १३/- को टिकट | कागजात पूरा भएमा सोही दिन | |
| ३ | वैवाहिक अंगिकृत नागरिकताको प्रमाण पत्र वितरण | रु. १०/- को टिकट | कागजात पूरा भएमा सोही दिन | |
| ४ | राहदानी फाराम संकलन | रु. २,५००/- (१० वर्ष उमेरभन्दा कम) ५,०००/- (साधरण) १०,०००/- (हराएमा र भौतिक क्षति भएमा) | | |
| ५ | राहदानी वितरण | - | विभागबाट बनेर आएपछि | |
| ६ | गुनासो र ठाडो उजुरी | रु. १०/- को टिकट | यथाशीघ्र | |
| ७ | नाबालक परिचय पत्र | रु. १०/- को टिकट | कागजात पूरा भएमा सोही दिन | |
| ८ | पेन्सन सम्बन्धी सिफारिस | रु. १०/- को टिकट | कागजात पूरा भएमा सोही दिन | |
| ९ | आदिवासी जनजाति, दलित सिफारिस | रु. १०/- को टिकट | कागजात पूरा भएमा सोही दिन | |
| १० | संस्था दर्ता | रु. १,०००/- | कागजात पूरा भएमा सोही दिन | |
| ११ | संस्था नवीकरण | रु. ५००/- | कागजात पूरा भएमा सोही दिन | |
| १२ | संस्थाको विधान संशोधन | रु. १०/- को टिकट | कागजात पूरा भएमा सोही दिन | |
| १३ | संस्थाको शाखा खोल्ने स्वीकृति | रु. १०/- को टिकट | कागजात पूरा भएमा सोही दिन | |
| १४ | पत्रपत्रिका दर्ता | दैनिक - १,०००/- साप्ताहिक - ५००/- पाक्षिक - ३००/- मासिक - २००/- | कागजात पूरा भएमा सोही दिन | |
| १५ | छापाखाना दर्ता | १,०००/- | कागजात पूरा भएमा सोही दिन | |
| १६ | हातहतियार नामसारी | १,०००/- | कागजात पूरा भएमा सोही दिन | |
| १७ | हातहतियार जिल्लाभित्रको नवीकरण | १५०/- | कागजात पूरा भएमा सोही दिन | |
| १८ | हातहतियार नेपाल भरिको नवीकरण | ३००/- | कागजात पूरा भएमा सोही दिन | |
| १९ | नाता प्रमाणित | रु. १०/- को टिकट | कागजात पूरा भएमा सोही दिन | |
| २० | अख्तियार दुरुपयोग सम्बन्धी मुद्दाको निवेदन | रु. १०/- को टिकट | यथाशीघ्र | |
| २१ | अन्य मुद्दा | रु. १०/- को टिकट | यथाशीघ्र | |
| २२ | विष्फोटक पदार्थ ईजाजत पत्र | रु. १०/- को टिकट | यथाशीघ्र | |
| २३ | राष्ट्रिय परिचय पत्रका लागि विवरण दर्ता | | तत्कालै | |

१०. सम्पादन गरेको कामको विवरण

प्रगति विवरण (२०७७ माघ १ देखि २०७८ आषाढ ३१ गतेसम्म)

| विवरण | संख्या |
|---|---|
| नयाँ नागरिकता जिल्ला प्रशासन कार्यालयबाट वितरण भएको | १३०४ |
| प्रतिलिपी नागरिकता जिल्ला प्रशासन कार्यालयबाट वितरण भएको | ३४४५ |
| साधारण राहदानी फारम संकलन भएको | १००४ |
| द्रुत राहदानी सिफारिस | ४१७ |
| राहदानीको राजश्व प्राप्त जिल्ला प्रशासन कार्यालयबाट रकम रु. | ४६,१५,०००।०० |
| संस्था दर्ता | २३ |
| संस्था नवीकरण | ३८ |
| अन्य प्रशासनिक सेवा शुल्क रु. | १,१९,८२०।०० |
| हातहतियार दर्ता | ० |
| हातहतियार नवीकरण | ५ |
| हातहतियार नवीकरण वापत प्राप्त राजश्व रु. | ८,१००।०० |
| नावालक परिचय पत्र वितरण | १५ |
| राष्ट्रिय परिचयपत्रका लागि विवरण दर्ता | १०१५२३ |
| छापाखाना दर्ता | १ |
| पत्रपत्रिका दर्ता | ० |
| भारतीय सेनाको पेन्सन सिफारिस | १३ |
| आ.व. ७६-७७ को अ.ल्या. मुद्दा संख्या | ३१४ |
| नयाँ मुद्दा दर्ता | ६९ |
| मुद्दा फस्र्योट | २१८ |
| ठाडो उजुरी | ७३ |
| धरौटी वापत प्राप्त रकम रु. | ३८७३०९७।८७ |
| न्यायिक र प्रशासनिक दण्ड जरिवाना वापत प्राप्त रकम रु. | ५,४७,२१५।०० |
| धरौटी वापतको फिर्ता दिएको रकम रु. | ४१८०११०।०० |
| बजार अनुगमनबाट सामान जफत अन्दाजी मूल्य रु. | १,७०,०००।०० |
| बजार अनुगमन निरीक्षण अधिकृतबाट जरिवाना रु. | ५,०००।०० |
| जम्मा विनियोजित रकम रु. | ९९३६८७७।०० |
| जम्मा खर्च रकम रु. | २२९७६२७४।५४ |
| मुआब्जा वितरण रकम रु. | ९४००९८१।०६ |
| विदेशमा मृत्यु भएकाको परिवारलाई राहत वितरणका लागि प्राप्त आम्दानी रकम रु. | ९३५६२९५।६५ |
| विदेशमा मृत्यु भएकाको परिवारलाई राहत वितरण रकम रु. | १०३६०३१।४० |
| आप्रवासी स्रोतकेन्द्रबाट विदेश जानेहरुलाई दिएको परामर्श संख्या | ५०० |
| जिल्ला विपद् व्यवस्थापन कोषबाट राहत वितरण रकम रु. | ६७९०००।०० |
| सवारी दुर्घटना क्षतिपूर्ती वितरण रकम रु. | ७०,००,०००।०० |

| | |
|---|---|
| जिल्ला सुरक्षा समितिको बैठक संख्या | १५ |
| जिल्ला विपद् व्यवस्थापन समितिको बैठक संख्या | ५ |
| कार्यालय प्रमुखहरुको बैठक संख्या | ५ |
| अन्य विविध विषयका बैठक संख्या | ३५ |

## ११. आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण

**प्रगति विवरण (२०७७ श्रावण १ देखि २०७७ पौष २९)**

चालु खर्च

| सि.नं. | खर्च शिर्षक | बिनियोजित रकम रु. | खर्च रु. |
|---|---|---|---|
| १ | पारिश्रमिक कर्मचारी | ९४,४७,०००।०० | ४३६२४००।४४ |
| २ | पोशाक | २,००,०००।०० | २,००,०००।०० |
| ३ | महंगी भत्ता | ४,८०,०००।०० | २,२३,८८६।०३ |
| ४ | अन्य भत्ता | ५०,०००।०० | ४९५००।०० |
| ५ | योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | १५,०००।०० | ० |
| ६ | योगदानमा आधारित बीमा कोष खर्च | ९६,०००।०० | ३९,८००।०० |
| ७ | पानी तथा बिजुली | ४,३५,०००।०० | २,२५,०००।०० |
| ८ | संचार महसुल | २,७०,०००।०० | २५०७६८।०० |
| ९ | इन्धन (कार्यालय प्रयोजन) | ६०१०००।०० | ३३०१८६।०१ |
| १० | सवारी साधन मर्मत खर्च | ३,५०,०००।०० | २१९९५७।०० |
| ११ | बिमा तथा नवीकरण खर्च | ५०,०००।०० | ५०,०००।०० |
| १२ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ७५,०००।०० | ७५,०००।०० |
| १३ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | १,४०,०००।०० | १३५८७०।०० |
| १४ | मसलन्द तथा कार्यालय सामाग्री | ७,००,०००।०० | २४०९७८।०० |
| १५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १,००,०००।०० | ६५७१०।०० |
| १६ | अन्य सेवा शुल्क | २३,९९,०००।०० | १११९९२४।८० |
| १७ | कार्यक्रम खर्च | १,५०,०००।०० | १,५०,०००।०० |
| १८ | विविध कार्यक्रम खर्च | १,७२,०००।०० | ० |
| १९ | अनुगमन, मूल्यांकन खर्च | ४,६०,०००।०० | २९६९००।०० |
| २० | भ्रमण खर्च | १,५०,०००।०० | १,२०,०००।०० |
| २१ | विविध खर्च | ३,००,०००।०० | १,७८,०००।०० |
| २२ | सामाजिक सुरक्षा | ३९४०००।०० | ३७२०००।०० |
| | **जम्मा** | **१,७२,१४,०००।००** | **८७,५९,०८०।५५** |

**पूँजीगत खर्च**

| सि.नं. | खर्च शिर्षक | बिनियोजित रकम रु. | खर्च रु. |
|---|---|---|---|
| १ | मेसिनरी औजार | ४,५०,०००।०० | ३०३१४२।०० |
| २ | फर्निचर तथा फिक्चर्स | ३,००,०००।०० | ३,००,०००।०० |
| ३ | पूजीगत सुधार | २,००,०००।०० | १,९९,०००।०० |
| ४ | अन्य सार्वजनिक निर्माण | ३,००,०००।०० | २,९८,११६।०० |
| ५ | गैर आवासीय भवन निर्माण | ६७,०९,८७७।०० | ६६,९५,२४२।९९ |
| | **जम्मा** | **७९५९८७७।००** | ७७,९५,५००।९९ |

**राष्ट्रिय परिचय पत्र तथा पंजिकरण विभागबाट प्राप्त अख्तियारी**

| सि.नं. | खर्च शिर्षक | बिनियोजित रकम रु. | खर्च रु. |
|---|---|---|---|
| १ | कार्यक्रम खर्च | ७९,००,०००।०० | ६२७८३२०।०० |
| २ | अनुगमन, मूल्यांकन खर्च | १,९०,०००।०० | १,९०,०००।०० |
| | **जम्मा** | ८०९००००।०० | ६४६८३२०।०० |

**वाणिज्य आपूर्ती तथा उपभोक्ता संरक्षण विभागबाट प्राप्त अख्तियारी**

| सि.नं. | खर्च शिर्षक | बिनियोजित रकम रु. | खर्च रु. |
|---|---|---|---|
| १ | अनुगमन, मूल्यांकन खर्च | ५५०००।०० | ५३१००।०० |
| | **जम्मा** | **५५०००।००** | **५३१००।००** |

१२. २०७७ माघ १ देखी २०७८ अषाढ ३१ सम्म घटेका अपराध सम्बन्धी विवरण :

| सि.नं. | अपराध प्रकृति | संख्या |
|---|---|---|
| १ | बहु विवाह | ४ |
| २ | बेबारिसे ज्यान | १ |
| ३ | बैङ्किङ कसुर | १ |
| ४ | सवारी ज्यान | १३ |
| ५ | ज्यान मार्ने उद्योग | ४ |
| ६ | कर्तव्य ज्यान | ५ |
| ७ | अपराधिक उपद्रव गर्न नहुने सम्बन्धी कसुर | ४ |
| ८ | हात हतियार खरखजना | ५ |
| ९ | सार्वजनिक शान्ति विरुद्धको कसुर | १ |
| १० | गौबध | १ |
| ११ | ठगी | २ |
| १२ | जुवा | १ |
| १३ | अपहरण | १ |
| १४ | लिखत सम्बन्धी कसुर | २ |

| | | |
|---|---|---|
| १५ | लागु औषध | ४४ |
| १६ | भवित्व्य ज्यान | ३३ |
| १७ | चोरी | २४ |
| १८ | आत्महत्या | ३७ |
| १९ | कुटपिटबाट अंगभंग | १ |
| २० | जबरजस्ती करणी | १७ |
| २१ | जबसजस्ती करणी उद्योग | ५ |
| २२ | अभद्र व्यवहार गर्न नहुने कसुर | ५५ |
| २३ | चोरी उद्योग | २ |
| २४ | बाल यौन दुर्व्यवहार | १ |
| २५ | सवारी दुर्घटनाबाट अंगभंग | १ |
| २६ | बालबिवाह | २ |
| २६ | सार्वजनिक स्थानमा यौनाङ देखाउन नहुने कसुर | १ |
| जम्मा | | २६८ |

**स्रोतः जिल्ला प्रहरी कार्यालय, उदयपुर**



**१३. जिल्ला प्रशासन कार्यालयबाट सुशासन र सेवा प्रवाहमा थप प्रभावकारीताका लागि गरिएका प्रयासहरु**

- जेष्ठ नागरिक, असहाय तथा अपाङ्गता भएका सेवाग्राहीलाई पहिलो प्राथमिकतामा राखी सेवा प्रवाह गर्ने गरिएको ।
- कार्यालयमा सेवाग्राहीको लागि नागरिक सहायता कक्ष स्थापना गरी कार्यालयसँग सम्बन्धित निवेदन निःशुल्क उपलब्ध गराउने गरिएको ।
- कार्यालय परिषरमा सेवाग्राहीहरुलाई बस्नको लागि कुर्सी तथा बेञ्चहरुको व्यवस्था गरिएको ।
- कार्यालय परिषरमा आकर्षक बगैंचा निर्माण गरिएको ।
- डिजिटल नागरिक वडापत्रको सञ्चालन गरिएको ।

- सुशासन र सुरक्षा प्रयोजनका लागि **CC Camera** को प्रयोग गरिएको ।
- विद्युतीय हाजिरीको व्यवस्था गरिएको । कोभिड १९ संक्रमणका कारण अहिले प्रयोगमा नल्याइएको ।
- सेवाग्राहीहरुका लागि पिउने पानी (तातो तथा चिसो) को व्यवस्था गरिएको ।
- स्तनपान कक्ष स्थापना गरिएको ।
- जिल्ला प्रशासन कार्यालयको **Facebook** बनाई सञ्चालनमा ल्याइएको ।
- कार्यालयको **Website** नियमित रुपमा अद्यावधिक गर्ने गरिएको ।
- जिल्ला प्रशासन कार्यालयमा **Free Wi-Fi** को व्यवस्था गरिएको ।
- सूचनाको हक सम्बन्धी कानूनमा व्यवस्था भए बमोजिम कार्यालयसँग सम्बन्धित विवरण सार्वजिनक गर्ने गरिएको ।
- कार्यालयको अग्रभागमा सूचना बोर्डको व्यवस्था गरिएको ।
- सेवाग्राहीहरुको सजिलोका लागि कोठा नं. अनुसार कुन कोठामा के काम हुने भनेर फ्लेक्स बनाएर राखिएको ।
- वैदेशिक रोजगारीको लागि जाने सेवाग्राहीहरुका लागि सुरक्षित आप्रवासन सम्बन्धी परामर्श दिन छुट्टै कक्षको स्थापना गरिएको ।
- राहदानी विभागबाट तयार भएर आएका राहदानीको **SMS** बाट सेवाग्राहीहरुलाई जानकारी दिने गरिएको ।
- कार्यालय प्रमुखहरुको बैठक तथा कार्यालयहरुमा पत्राचारका लागि **SMS & Email** बाट पत्राचार गर्ने गरिएको ।
- नागरिकता तथा राहदानी शाखामा टोकन प्रणालीको व्यवस्था गरिएको ।
- नागरिकताको अभिलेख व्यवस्थापन कक्ष निर्माण गरिएको ।
- अभिलेखिकरण गर्न सक्ने सबै पुराना नागरिकताको अभिलेखको **Data Entry** सम्पन्न गरिएको ।
- सेवाग्राहीहरुबाट प्राप्त गुनासाहरुको तत्कालै सम्बोधन गर्ने गरिएको ।
- उदयपुर जिल्लामा रहेका सरकारी तथा सार्वजनिक जग्गाहरुको विवरण, २०७६ तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय प्रदेश नं. १ मा पठाइएको ।
- उदयपुर जिल्लामा रहेका सरकारी कार्यालयहरुको वार्षिक सुधार कार्ययोजना, जग्गा, भवन र सवारी साधनको विवरण तयार गरिएको ।

## १४. दोस्रो भेरियन्ट कोभिड-१९ संक्रमणको अवस्था र विवरण

विश्वभर फैलिरहेको नयाँ भेरियन्टको रुपमा कोरोना भाइरसको दोस्रो चरणबाट नेपालका प्राय सबै जिल्लाहरु प्रभावित हुन सक्ने संभावना भएपछि नेपाल सरकारले देशभर आवश्यकता अनुसार निषेधाज्ञा गर्ने गराउने भनी मिति २०७८ बैशाख १९ मा निर्णय गरे अनुसार यस रोगको रोकथाम तथा नियन्त्रण गर्न जिल्लास्थित **DCCMC** को बैठकले संक्रामक रोग ऐन, २०२० बमोजिम मिति २०७८ बैशाख १९ गते बेलुका ८:०० बजेदेखि बैशाख २५ गते बेलुका ८:०० बजेसम्म अत्यावश्यक सेवा बाहेक अन्य कार्यहरुका लागि पूर्ण रुपमा निषेध गर्ने गरी निर्णय गरेको ।

कोरोना भाइरसको प्रभाव समुदायस्तरमा तीव्र रुपमा फैलिदै गई समुदायमा त्रास बढ्दै गएकोले स्वास्थ्य कार्यालय उदयपुरबाट कोभिड-१९ को परीक्षणको दायरालाई बढाउँदै लगियो । निषेधाज्ञालाई कडाईका साथ लानुपर्ने भनी सबै सरोकारवाला निकाय तथा जनस्तरबाट समेत माग भई आएकोले जोखिमको अवस्था अनुसार निषेधाज्ञाको अवधिलाई क्रमिक रुपमा बढाउँदै लगियो । हाल निषेधाज्ञाको अवस्थालाई संक्रमणको दर क्रमश घट्दै गएको र सर्वसाधारणको जनजीवनको अवस्थालाई समेत मध्यनजर गरी स्वास्थ्य

सम्बन्धी मापदण्डको पूर्ण पालना गर्ने गराउने गरी मिति २०७८ आषाढ ३१ गतेको **DCMC** को निर्णयअनुसार निषेधाज्ञाको अवस्थालाई केही सहजताका साथ लागू हुनेगरी परिमार्जन गरी मिति २०७८ श्रावण १५ गते राती १२:०० बजेसम्म लागू हुनेगरी निषेधाज्ञा जारी गरिएको छ । संक्रमणको यस जोखिमपूर्ण अवस्थालाई नियन्त्रण लागि सरोकारवाला सम्पूर्ण निकाय, राजनीतिक दल, नागरिक समाज, मानवअधिकारकर्मी, संचारक्षेत्र लगायत आम जनस्तरबाट समेत सक्रीय सहभागिताका साथ सहयोग प्राप्त भएको ।

जिल्लामा कोभिड-१९ संक्रमणको रोकथाम तथा नियन्त्रणका लागि भए गरेका क्रियाकलापहरुको विवरण तथा यसको अवस्थालाई देहाय बमोजिम उल्लेख गरिएको छ ।

| | |
|---|---|
| **DCMC** को मिटिङ संख्या | १४ |
| कोभिड अस्पताल संख्या र वेड संख्या | ५ वटा अस्पताल र वेडसंख्या १९४ |
| कुल स्वाव परीक्षण संख्या | ७३९५ |
| कूल संक्रमित संख्या | २६३१ |
| निको भएको संख्या | २३५५ |
| यस अवधिसम्म सक्रिय संक्रमित संख्या | २६३१ |
| कुल मृत्यु भएको संख्या | ५० |
| पहिलो मात्रा खोप लगाएको संख्या | ६५९२ |
| दोस्रो मात्रा खोप लगाएको संख्या | ५७२७ |
| एम्बुलेन्स संख्या | ३० |
| अक्सिजन सिलिण्डर संख्या | २३३ |

स्वाब संकलनका केही तस्वीरहरु





स्वास्थ्य कार्यालय उदयपुरबाट स्वाब संकलन गर्दै

**कोभिड १९ रोकथाम तथा नियन्त्रणका लागि जिल्ला प्रहरी कार्यालयबाट प्राप्त गतिविधिहरु**

- जनचेतनामुलक कार्यक्रम संचालन
- तपाईको मास्क खोई ? अभियानको संचालन
- मास्क वितरण कार्यक्रम
- बिभिन्न स्थानिय एफ.एम. तथा पत्र पत्रिकाहरुमा सुचना प्रशारण ।
- कोभिड सम्बन्धी जनचेतनामुलक पर्चा, पम्पलेट वितरण ।



**स्रोतः जिल्ला प्रहरी कार्यालय, उदयपुर**

## १५. अन्य गतिविधिहरु

### राष्ट्रिय परिचय पत्र विवरण दर्ता अभियान

राष्ट्रिय परिचयपत्र भनेको राष्ट्रमा रहेका हरेक नागरिकहरुको वैयक्तिक (नाम थर, ठेगाना, जन्म मिति, सम्पर्क नं. आदि) तथा जैविक विवरणहरु (ब्यक्तिको फोटो, १० ओटा औठाको छाप, आँखाको नानी) को अभिलेख सहितको विद्युतीय चिप्स र सुरक्षण दस्तखत सहितको स्मार्ट कार्ड हो । यो कार्ड १० अंकको नम्वर सहित हुन्छ जुन नम्बरलाई राष्ट्रिय परिचय नम्बर भनिन्छ । यो नम्बर हरेक नागरिकको फरक फरक हुने हुनाले कसैको कोहिसँग मेल खाँदैन जसको कारण कुनै घटना वा दुर्घटनाको समयमा ब्यक्ति पहिचान गर्न सहज हुन्छ ।

नेपाल सरकारले ७७ ओटै जिल्ला प्रशासन कार्यालयहरु मार्फत राष्ट्रिय परिचय पत्रको लागि विवरण दर्ता संकलनको अभियान संचालन गरिसकेको छ । जुनसुकै जिल्लाको स्थायी वासिन्दा रहेको भएता पनि आफुलाई

पायक पर्ने जिल्ला प्रशासन कार्यालयको विवरण संकलन स्थायी स्टेशनबाट विवरण दर्ता गर्न सकिने व्यवस्था मिलाइएको छ । तर राष्ट्रिय परिचय पत्र लिने सन्दर्भमा भने व्यक्तिले जुन स्टेशनबाट राष्ट्रिय परिचयपत्रको विवरण भरेको हो सोही स्टेशनबाट मात्र राष्ट्रिय परिचयपत्र (कार्ड) लिनुपर्ने हुन्छ ।

अबको उप्रान्त हरेक प्रशासनिक कार्यहरु (भुमि किनवेच, पासपोर्ट, वैयक्तिक घटना दर्ता र कुनै पनि प्रकारको सिफारिस आदि) र वित्तीय कार्यहरु (बैंकमा खाता खोल्ने, रकम पाउने र पठाउने, ऋण लिने आदि) मा राष्ट्रिय परिचय पत्र अनिवार्य आवश्यक हुने भएकोले आफ्नो नागरिकता सहित उपस्थित भई राष्ट्रिय परिचय पत्र प्राप्त गर्नका लागि विवरण दर्ता गराउनु हुन अनुरोध छ ।

हरेक नागरिकको विवरण दर्ता कार्य आम नागरिकको घरदैलोमा नै गई गर्ने भन्ने नेपाल सरकारको नीति अनुरुप यस उदयपुर जिल्लामा समेत घुम्तीसेवा संचालन गरी विभिन्न स्थानीय निकायमा बसोवास गर्ने नागरिकहरुको विवरण दर्ताको कार्य सम्पन्न भईसकेको छ । उदयपुर जिल्लामा रहेको ८ वटा स्थानीय तहमध्ये वेलका नगरपालिका वाहेक सवै स्थानीय तहको विवरण संकलनको कार्य सम्पन्न भईसकेको छ भने कोरोना माहामारीको प्रभावका कारण स्थगित भएको वेलका नगरपालिका अन्तर्गत वसोवास गर्ने नागरिकको विवरण दर्ता संकलनको कार्य २०७८ साल श्रावण १० गतेदेखि संचालन हुने तयारीमा रहेको छ । स्थायी स्टेशनको रुपमा जिल्ला प्रशासन कार्यालयमा राष्ट्रिय परिचय पत्र विवरण दर्ता गर्ने कार्य नियमित रुपमा सञ्चालन भईरहेको छ भने इलका प्रशासन कार्यालय कटारीमा यस आ.व.बाट स्थायी स्टेशन राख्ने तयारी भइरहेको छ ।

उदयपुर जिल्ला अन्तर्गत विभिन्न स्थानीय निकाय र जिल्लास्थित विवरण दर्ता इकाईबाट हालसम्म संकलन भएको राष्ट्रिय परिचयपत्रको विवरण संख्या यस प्रकार रहेको छ ।

| सि.नं. | स्थानीय निकायको नाम | संकलन भएको विवरण संख्या |
|---|---|---|
| १ | कटारी नगरपालिका | २९४०० |
| २ | त्रियुगा नगरपालिका | ४३००० |
| ३ | चौदण्डीगढी नगरपालिका | २५४०५ |
| ४ | उदयपुरगढी गाउँपालिका | १५१०० |
| ५ | रौतामाई गाउँपालिका | १२५०० |
| ६ | ताप्ली गाउँपालिका | ४००० |
| ७ | लिम्चुङबुङ गाउँपालिका | ४००० |
| ८ | कार्यालय स्थित स्थायी स्टेशनबाट | ६९०० |
| | **जम्मा** | **१४०३०५** |

उदयपुरगढी गाउँपालिकामा राष्ट्रिय परिचयपत्र विवरण दर्ता अभियान सञ्चालन गर्नका लागि आयोजित समन्वय बैठक




रुजु अधिकारीहरुलाई अभिमुखीकरण गर्ने क्रममा उदयपुरगढी गाउँपालिका



रुजु अधिकारीहरुलाई अभिमुखीकरण गर्ने क्रममा लिम्चुङबुङ गाउँपालिका



रुजु अधिकारीहरुलाई अभिमुखीकरण गर्ने क्रममा चौदण्डीगढी नगरपालिका



**जिल्ला आपत्कालिन कार्य सञ्चालन केन्द्र (DEOC) को स्थापना र सञ्चालन**

विपद् सम्बन्धी पूर्व सूचना संकलन र विश्लेषण गर्ने, विपद्का समयमा खोज तथा उद्दार कार्यको समन्वय गर्ने, विपद्का घटनाहरुका बारेमा सम्बन्धित निकाय तथा पदाधिकारीहरु समक्ष सूचना संप्रेशण गर्ने लगायतका कार्यका लागि जिल्ला आपत्कालिन कार्य सञ्चालन केन्द्र (DEOC) को सञ्चालन गरिएको छ ।



मिति २०७८।०१।११ गते जिल्ला उदयपुर उदयपुरगढी गाउपालिका वडा नं. ७ घ्याम्पे स्थित बलान खोलामा माछा मार्ने क्रममा खोलामा डुवी बेपत्ता भएका व्यक्तिको जिल्ला प्रहरी कार्यालय उदयपुर र सशस्त्र प्रहरी वल, नेपालको संयुक्त विपद व्यवस्थापन तथा गोताखोर तालिम प्राप्त टोलिले २० मिटर मुनी दुई ढुङ्गाको चेपमा अड्किएको अवस्थामा शव फेला पारि पानिबाट बाहिर निकालिएको ।



स्रोतः सशस्त्र प्रहरी वल नेपाल उदयपुर

**बजार अनुगमन**

उपभोक्ता संरक्षण ऐन, २०७५ तथा सोको नियमावलीमा भएको व्यवस्था बमोजिम बजार अनुगमन तथा निरीक्षण अधिकारी श्रीमान् सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा यस जिल्लाका त्रियुगा न.पा., चौदण्डीगढी न.पा., वेलका न.पा तथा कटारी न.पा.का लगायतका बजार क्षेत्रहरुमा संयुक्तरुपमा बजार अनुगमन गरिएको । अनुगमन, निरीक्षण तथा खानतलासीका क्रममा असुरक्षित, असरयुक्त वा गुणस्तर नभएका वस्तु उत्पादन वा विक्री वितरण गर्ने व्यवसायीहरुलाई यसै ऐन बमोजिम त्यस्ता वस्तुको उत्पादन तथा विक्री वितरण गर्न रोक लगाई कारवाहीको दायरामा ल्याइएको । म्याद गुज्रेका बस्तु विक्री वितरण गर्ने ,विल बिजक जारी नगर्ने, निश्चित मापदण्डभन्दा बढी मूल्य राखी वस्तु विक्री वितरण गर्ने, सम्बन्धित निकायबाट अनुमति नलिई वस्तु तथा सेवा विक्री वितरण गर्ने विक्रेताहरुलाइ तत्काल जरिवाना गरीएको ।









२०७८ बैशाख ६ गते श्रीमान् प्रमुख जिल्ला अधिकारी श्री तुलसीराम सेडाईबाट श्री जिल्ला प्रहरी कार्यालय र बैशाख १० गते इलाका प्रहरी कार्यालय रामपुर ठोक्सिला उदयपुरको स्थलगत निरीक्षण सम्पन्न भएको ।



२०७७ चैत्र ६ गते श्रीमान् प्रमुख जिल्ला अधिकारी श्री तुलसीराम सेडाईबाट श्री सशस्त्र प्रहरी बल नेपाल गण नं. ५ हे.क्वा. त्रियुगा उदयपुरको स्थलगत निरीक्षण सम्पन्न भएको ।



**कारागार निरीक्षण**

मिति २०७८ बैशाख ६ गते श्रीमान् प्रमुख जिल्ला अधिकारी श्री तुलसीराम सेडाईबाट कारागार कार्यालय उदयपुरको कैदी बन्दी गृहको अवस्था, कैदीहरुको अवस्था, सुरक्षा व्यस्था, कार्यालय भवन तथा कार्यालय व्यवस्थापन लगायतका विषयमा निरीक्षण सम्पन्न भएको । निरीक्षणका क्रममा बन्दीगृह कैदीबन्दीहरुको तुलनामा सानो भएकोले नयाँ ब्लक निर्माणका लागि यथाशीघ्र पहल गर्ने, सुरक्षा व्यवस्थालाई थप मजबुत बनाउन आन्तरिक क्यामरा जडान गर्नुपर्ने, कोभिड-१९ बाट कारागारलाई सुरक्षित राख्न आवश्यक सुरक्षाका विधिहरु अपनाइनु पर्ने, विद्युत अवरोध हुँदा वैकल्पिक स्रोत सोलार इन्भर्टरको व्यवस्था गर्नुपर्ने लगायतका सुझावहरु दिइएको ।

| क्र.सं. | कारागारको क्षमता | हाल कारागारमा रहेका कैदी बन्दीको संख्या | | | कैफियत |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | |
| १ | ५० | १६ | १९४ | २१० | |

**सोलु करिडोर १३२ के.भी. विद्युत प्रशारण लाईन**

सोलुखुम्बु, ओखलढुङ्गा, उदयपुर र सिरहा हुँदै गएको सोलु कोरिडोर १३२ के.भी. विद्युत प्रशासरण लाईनको उदयपुरको कटारी क्षेत्रमा निर्माण हुनुपर्ने १० वटा टावर र तार तान्ने काम विगत ३ वर्षदेखि स्थानीयवासीबाट अवरोध भई आएको । यसबीचमा विभिन्न माग राखी डेलिगेसन तथा नाराजुलुस सहित अवरोध भइ रहेकोमा प्रभावित सबै क्षेत्रको मागलाई सम्बोधन हुनेगरी मुआब्जा निर्धारण भएको । सोमा समेत असन्तुष्टी भई निर्माण कार्यमा अवरोध भई सुरक्षाकर्मीहरुको सहयोगमा टावर निर्माण तथा तार तान्ने कार्य भईरहेको ।





**खुवालुङ क्षेत्रमा भएको सुरक्षा बैठक**

उदयपुर, भोजपुर, धनकुटा र सुनसरीको सीमामा रहेको सप्तकोशी नदीमा जलयात्रालाई प्रभावित पार्ने ठूलो चट्टान रहेको खुवालुङ क्षेत्रमा उक्त चट्टान व्यवस्थापन गर्ने विषयमा प्रदेश नं. १ का मुख्यमन्त्री श्री शेरधन राईज्यूको प्रमुख आतिथ्यतामा चार जिल्लाकै सुरक्षा समितिका पदाधिकारीहरुको बैठक बसी समस्या समाधानार्थ छलफल तथा स्थलगत निरीक्षण गरियो ।



**गोदाम घर स्थापना (Ware House)**

विपद् व्यवस्थापनका लागि आवश्यक खोज तथा उद्दार सामाग्रीहरुलाई सुरक्षित भण्डारण गर्न जिल्ला प्रशासन कार्यालय हाताभित्र गोदाम घर (Ware House) को स्थापना गरी उपयोगमा ल्याइएको छ ।

**आप्रवासी स्रोत केन्द्रद्वारा सञ्चालित कार्यक्रम**

स्वीस सरकार र नेपाल सरकारबीच भएको द्विपक्षीय सम्झौता अनुसार त्रियुगा न.पा.द्वारा सञ्चालित सुरक्षित आप्रवासन परियोजना (SAAMI) अन्तर्गत आप्रवासी स्रोतकेन्द्र जिल्ला प्रशासन कार्यालयको परिसरभित्र यसै कार्यालयको मातहतमा रही सञ्चालनमा रहेको छ । यस परियोजनाले वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई सूचना तथा जानकारी संप्रेषण गर्ने, अभिमुखीकरण गर्ने, शीप तथा प्रशिक्षणका लागि सम्बन्धित तालिम केन्द्रहरुमा पठाउने र वैदेशिक रोजगारीको क्रममा ठगीमा परेका वा समस्यामा परेका व्यक्तीहरुलाई उद्धार, क्षतिपूर्ती र समस्या समाधानका लागि कार्य गर्दै आइरहेको छ । आ.व. २०७७/७८ को माघ महिना यता ठगीमा परेका व्यक्तीहरुको ६७ वटा उजुरी दर्ता गरेको, ८९ जना व्यक्तिलाई शीप प्रशिक्षणका लागि पठाएको । वैदेशिक रोजगारीको क्रममा मृत्यु भएका ६ जना व्यक्तिहरुको परिवारलाई क्षतिपूर्तीका लागि सम्बन्धित मुलुकमा पहल तथा सहजीकरण गरेको ।




**राजमार्गमा हुने अवरोध हटाउन गरिने सुरक्षा कारवाही सहितको कार्य योजना २०७७ तर्जुमा तथा कार्यान्वयन**

जिल्ला भित्र रहेका मदन भण्डारी राजमार्ग, सिद्धिचरण राजमार्ग, सगरमाथा राजमार्ग लगायत अन्य सडक मार्गहरुमा हुने संभावित सडक अवरोध हटाई निर्वाध रुपमा सवारी आवागमन सुचारु गर्ने गराउने कार्यका लागि कार्ययोजना तर्जुमा गरिएको छ ।

### अन्तर जिल्ला सुरक्षा समन्वय वैठक सञ्चालन

मिति २०७८ आषाढ २८ मा उदयपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री तुलसीराम सेडाईको अध्यक्षतामा उदयपुर-खोटाङ-ओखलढुङ्गा-भोजपुर गरी ४ जिल्लाका सुरक्षा समिति सम्मिलित अन्तर जिल्ला सुरक्षा समन्वय वैठक भर्चुअल माध्यमबाट सञ्चालन गरिएको ।बैठकमा सबै जिल्लाहरुले अपराध नियन्त्रण र विपद् व्यवस्थापनका सम्बन्धमा भएको असल अभ्यासहरुको प्रस्तुतीकरण गरिएको ।जिल्लाका सीमा नाकाहरुमा हुनसक्ने संभावित सुरक्षा चुनौतीहरुको सम्बन्धमा छलफल गरिएको ।



विपद् व्यवस्थापन सम्बन्धमा भए गरेका गतिविधिहरुको सचित्र

"बहु प्रकोपीय विपद्मा भुकम्पीय सुरक्षा, साझा सहकार्यमा जनधनको रक्षा" भन्ने नाराका साथ २३औं भूकम्प सुरक्षा दिवश मिति २०७७ माघ २ गते मनाएको दृश्यहरूः डेमो (सिमुलेसन) प्रदर्शनी, त्रियुगा उमावि ।






मिति २०७७ फाल्गुण १ गते शनिवारका दिन त्रियुगा नगरपालिका वडा नं. ६ देउरीमा बाढी, सर्पदंश, आगलागी र सडक दुर्घटनामा आधारित जिल्ला स्तरीय कृत्रिम घटना अभ्यास (**Simulation Exercise**) कार्यक्रम सम्पन्न ।














कोभिड-१९ को खोप कार्यक्रम

